Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.**
**Singhadurbar Plaza**
**Kathmandu**

# Press Release

Date: 2073.12.10

## प्रेस विज्ञप्ति

## राष्ट्रिय वाणिज्य बैंकद्धारा विद्यालयलाई कम्प्युटर हस्तान्तरण

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले आफ्नो संस्थागत सामाजिक उत्तरदायित्व निर्वाह अन्तर्गत भोजपुर जिल्लाको ग्रामिण क्षेत्रमा रहेका विद्योदय मा.बि., सरस्वती निम्न मा.वि. र राम अमर शहिद पुस्तकालयलाई ४ थान कम्प्युटर र १ थान ल्यापटप समाजिक संस्था ईश्वर मन्दिर मार्फत विहीबार एक कार्यक्रमका बीच हस्तान्तरण गरेको छ ।

राष्ट्रिय वाणिज्य बैंकका अध्यक्ष डा. रबीन्द्र प्रसाद पाण्डेले सामाजिक संस्था ईश्वर मन्दिरका अध्यक्ष प्रमेश के.सी. मार्फत कम्प्युटर हस्तानतरण गर्दै राष्ट्रिय वाणिज्य बैंकले बैकिङ्ग कारोबार संगै सामाजिक कल्याणको लागि पनि नियमित रुपमा कार्य गर्दै अगाडी बढिरहेको बताउनुभयो । सो कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले शिक्षा जस्तो पवित्र क्षेत्रमा सहयोग गर्न पाएकोमा खुशि ब्यक्त गर्दै आगामी दिनमा समाजलाई आवश्यक परेको क्षेत्रमा बैंकले सहयोग गर्दै जाने विचार ब्यक्त गर्नुभयो ।

उक्त कार्यक्रममा राष्ट्रिय वाणिज्य बैंकका संचालकहरु ज्ञानेन्द्रराज कोइराला, बटुकनाथ ढकाल, डा.रामदेब सिंह, नायब प्रमुख कार्यकारी अधिकृत बिष्णु प्रसाद बैद्य, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ, केसब प्रसाद लम्साल, टेकराज जोशी लगायत विभागीय प्रमुखहरुको उपस्थिती रहेको थियो ।

